# गोदावरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## अत्तरिया,कैलाली
## सुदूरपश्चिम प्रदेश, नेपाल

## सिलबन्दी आह्वान सम्बन्धि सूचना ।

प्रथम पटक प्रकाशित मितिः २०८३/०१/०४

गोदावरी नगरपालिका कृषि विकास शाखाको आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार बर्षे धानको विउ खरिद गर्नु पर्ने भएकाले आपूर्ति गर्न ईच्छुक विउ उत्पादक कम्पनी/विउ उत्पादक सहकारी, फर्महरुवाट सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

तपसिल :

| क्र.सं. | विवरण | आवश्यक विउको परिमाण (कि.ग्रा.) | दररेट पेश गर्ने अन्तिम मिति र समय | कैफियत |
|---|---|---|---|---|
| १. | उन्नत जातको विउ मोटो | २५२५० | २०८३/०१/१९ गते कार्यालय समय भित्र | |
| २. | उन्नत जातको विउ मध्यम मसिनो | २७०० | | |

२. दररेट पेश गर्ने कम्पनीले अनिवार्य रुपमा दररेट पेश गर्ने व्यहोरा सम्बन्धीको लिखित निवेदन सहित आ.व. २०८२/०८३ का लागि नविकरण भएको दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्वर प्रमाणपत्र, आ.व. २०८१/८२ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी, विउ व्यवसायी अनुमती पत्र संलग्न गरी पेश गर्नुपर्ने छ ।

३. उक्त कार्यको लागि आवश्यक दरभाउ पत्र खरिद वाफतको रु.१,०००/- (अक्षरुपी एक हजार पछि फिर्ता नहुने गरी) राजस्व तिरी प्राप्त गरेको नगदी रसिद अनिवार्य दररेट साथ पेश गर्नुपर्ने छ ।

४दरभाउ पत्र,Specification यस कार्यालयको website: www.godawarimunkailali.gov.np बाट समेत डाउनलोड गर्न सकिने छ ।

५.दरभाउ पत्रमा मा आफुले कबोल गरेको रकमको अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ । केरमेट भएको दररेट मुल्यांकनमा समावेस गरिने छैन ।

६. दररेटदाताले धरौटी रकम रु.३८०००/ (अड्तिस हजार रुपैया) गोदावरी नगरपालिकाको कार्यालय कैलालीको NIC ASIA अत्तरिया शाखामा रहेको कार्यालयको धरौटी खाता नं. ७१४१४९८६२२५२४००१ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारलाई मान्य हुने "क" श्रेणीको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको दररेट पेश गर्ने अन्तिम मितिले कम्तीमा ७५ (पचहत्तर) दिन म्याद भएको दररेटसाथ जमानत पेश गर्नु पर्ने छ ।

७. दररेट पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खोलिने दिनको सोही समयमा दररेट पेश गर्न सकिने छ । दररेट सोही दिनको ५: ३० बजे उपस्थित भएका दररेटदाता वा प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दररेट दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दररेटपत्र खोल्न बाधा पुग्ने छैन ।

८. दररेट पेश गर्ने व्यवसायिले कार्यालयमा अनिवार्य सुचिकृत गर्नुपर्ने छ। सुचिकृत नभएका व्यवसायिक फर्महरुलाई मुल्यांकनमा समावेश गर्न सकिने छैन ।

९. सूचनामा उल्लेख हुन नसकेका कुराहरु प्रचलित ऐन/नियम अनुसार हुनेछ ।

१०. विउको ल्याव परिक्षण प्रतिवेदन र प्राविधिकको फिल्ड निरिक्षण रिपोट अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

११. विउको स्रोत प्रमाणीत हुने अवश्यक कागजात पनि संलग्न गर्नु पर्ने छ ।